# एक महिनामा भित्रिए ८८ हजारभन्दा बढी विदेशी पर्यटक



■ सौर्य समाचार

काठमाडौँ । सन् २०२६ को सेप्टेम्बरमा ८८ हजार २४८ विदेशी पर्यटक नेपाल आएका छन् । नेपाल पर्यटन बोर्डका अनुसार यो संख्या गत वर्षको सोही महिनाको तुलनामा बढी हो ।

गत वर्ष सेप्टेम्बरमा ७८ हजार ७११ विदेशी पर्यटक नेपाल भित्रिएका थिए । यस वर्ष सोही अवधिमा पर्यटक आगमन ९ हजार ५३७ जना बढी हो ।

सेप्टेम्बरमा नेपाल आउने पर्यटकमध्ये दक्षिण एसियाली मुलुकका ३० हजार ८५ जना छन् । तीमध्ये सबैभन्दा धेरै भारतबाट १७ हजार ४२५ पर्यटक आएका छन् ।

यसैगरी श्रीलंकाबाट सात हजार १०८, बङ्गलादेशबाट तीन हजार ९६४, भुटानबाट एक हजार १११, पाकिस्तानबाट ४२९, माल्दिभ्सबाट ४८ र अफगानिस्तानबाट आठ पर्यटक नेपाल आएका छन् । अन्य एसियाली मुलुकबाट १९ हजार ८८८ पर्यटक नेपाल भित्रिएका छन् । चीनबाट ११ हजार २१२, जापानबाट दुई हजार ६६, दक्षिण कोरियाबाट एक हजार ४१२, थाइल्याण्डबाट ६०१ र भियतनामबाट ६३७ पर्यटक नेपाल आएका छन् ।

त्यस्तै, युरोपेली मुलुकबाट १५ हजार १४८, ओसियाना क्षेत्रबाट पाँच हजार ४२२, अमेरिकी मुलुकबाट १० हजार १०७, मध्यपूर्वबाट दुई हजार ६०६ र अफ्रिकी मुलुकबाट चार हजार ५६८ पर्यटक नेपाल आएका छन् ।

पर्यटन बोर्डले गत भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको बाढीका कारण सेप्टेम्बरमा अपेक्षाअनुसार पर्यटक आगमन हुन नसकेको जनाएको छ । बाढीका कारण पर्यटकीय गन्तव्य तथा आवागमनमा परेको असरले पर्यटक आगमन प्रभावित भएको बोर्डको भनाइ छ ।

# युटिएलको आठ अर्ब बक्यौता सरकारी बाँकीसरह असुल गरिने

काठमाडौँ । नेपाल दूरसञ्चार प्राधिकरणले आधारभूत टेलिफोन सेवाको अनुमतिपत्र रद्द भएको युनाइटेड टेलिकम लिमिटेड (युटिएल) बाट करिब आठ अर्ब पाँच करोड रुपैयाँ बक्यौता असुल गर्ने निर्णय गरेको छ ।

प्राधिकरणका अनुसार युटिएलले फ्रिक्वेन्सी दस्तुर, रोयल्टी, ग्रामीण दूरसञ्चार विकास कोषलगायत विभिन्न शीर्षकमा भदौ मसान्तसम्मको थप दस्तुरसहित रु आठ अर्ब पाँच करोड २२ लाख ५७ हजार १५ रुपैयाँ ७६ पैसा बुझाउन बाँकी छ ।

उक्त रकमलाई सरकारी बाँकीसरह असुलउपर गर्ने निर्णय गरिएको प्राधिकरणका प्रवक्ता मीनप्रसाद अर्यालले जानकारी दिए ।

युटिएलको अनुमतिपत्र बहाल नरहेकाले कम्पनीको सम्पूर्ण चलअचल सम्पत्ति, दूरसञ्चार पूर्वाधार, संरचना, प्रणाली तथा सञ्जाल नियन्त्रणमा लिने प्रक्रिया अघि बढाइएको छ । प्राधिकरणले दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापनसम्बन्धी नियमावली, २०७९ बमोजिम सम्पत्तिको मूल्य निर्धारण समिति गठन गर्ने प्रक्रिया अघि बढाउने निर्णयसमेत गरेको छ ।

युटिएलको नाममा रहेको चलअचल सम्पत्ति तथा बैंक खाता रोक्का राख्न प्राधिकरणले सम्बन्धित निकायमा पत्राचार गरिसकेको जनाएको छ । युटिएलले लिएको आधारभूत टेलिफोन सेवाको अनुमतिपत्र गत भदौ २० गतेदेखि स्वतः रद्द भएको थियो ।

यसैबीच, प्राधिकरणले भदौ महिनामा विभिन्न १० वटा सेवा प्रदायकले पेस गरेका महसुलदर स्वीकृत गरेको जनाएको छ । स्वीकृत महसुलदरसम्बन्धी सूचना सार्वजनिक गर्न सम्बन्धित सेवा प्रदायकलाई निर्देशन दिइएको प्रवक्ता अर्यालले बताए ।

# बिर्तामोडमा आजबाट दुई साता ‘किताब मेला’

■ सौर्य समाचार

भद्रपुर । पुस्तक पढ्ने बानीको विकास तथा पठन संस्कृतिलाई प्रोत्साहन गर्ने उद्देश्यले झापाको बिर्तामोडमा चौथो संस्करणको ‘किताब मेला २०८३’ आयोजना हुने भएको छ ।

इशा बुक सेन्टर बिर्तामोड, झापाली साहित्य समाज र साहित्य पत्रकार मञ्च बिर्तामोडको संयुक्त आयोजनामा असोज १६ देखि ३० गतेसम्म किताब मेला सञ्चालन हुने भएको हो ।

पछिल्लो समय पुस्तक पढ्ने पाठकको सङ्ख्या घट्दै गएको अवस्थामा पठन संस्कृतिलाई पुनर्जीवित गर्ने उद्देश्यले मेला आयोजना गर्न लागिएको किताब मेला संयोजक केशवप्रसाद मैनालीले बताउनुभयो । उहाँका अनुसार मेलाले पाठकलाई विभिन्न विधा र विषयका पुस्तकसँग जोड्नुका साथै पुस्तक पढ्ने वातावरण निर्माणमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

मेलामा पाँच हजारभन्दा बढी पुस्तक राखिने आयोजकले जनाएको छ । विभिन्न विधा र उमेर समूहलाई लक्षित पुस्तकमा १० देखि ३० प्रतिशतसम्म छुटको व्यवस्था गरिएको संयोजक मैनालीले जानकारी दिए ।

किताब मेलामा पुस्तक बिक्रीसँगै लेखकसँग संवाद, कविता तथा गजल वाचन, लक्की ड्रलगायत साहित्यिक तथा मनोरञ्जनात्मक कार्यक्रमसमेत सञ्चालन गरिने आयोजकले जनाएको छ ।


Government of Koshi Province
Ministry of Physical Infrastructure Development
Infrastructure Development Directorate

## Infrastructure Development Office, Taplejung

Phungling, Taplejung, Nepal

**Invitation For Hard-Bid**

First Date of Publication: 2083/06/16

Invitation for Bids No.: IDO/TPJ-01/083/84

1. Infrastructure Development Office, Taplejung invites open competitive biddings (Single Stage-Single Envelope Hard-Bids) from eligible bidders for following works under NCB/Sealed Quotation Procedures.

| S. N. | Contract Identification Number | Description and Location of Works | Estimated Amount Without VAT & With PS (NRs.) | Bid Security Amount (NRs.) | Bid Validity Period | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | IDO/TPJ/WORKS/ ROAD/NCB-01/083/84 | Upgrading of Suketar Bazar Dekhi Madeuthan RCC Road Nirman, Phungling-6, Taplejung. | 25,89,934.88 | 65,000.00 | 90 + 30 days from deadline for submission of Bids. | 3,000 |
| 2 | IDO/TPJ/WORKS/ ROAD/SQ-01/083/84 | Construction of Mathillo Sim Kharka Maidane Motor Bato, Phungling-8, Taplejung | 17,25,264.34 | 43,500.00 | 45 + 30 days from deadline for submission of Bids. | 1,000 |
| 3 | IDO/TPJ/WORKS/ ROAD/SQ-02/083/84 | Phungling Ward No. 2 Tinbare Hundai Phunglingko Timure Aahale Nigijung Sadak Kalopatre, Phungling, Taplejung | 17,26,694.48 | 43,500.00 | | 1,000 |
| 4 | IDO/TPJ/WORKS/ ROAD/SQ-03/083/84 | Manedada Dekhi Chilaune Dada Soling, Phaktanglung-3, Taplejung | 17,25,383.30 | 43,500.00 | | 1,000 |
| 5 | IDO/TPJ/WORKS/ ROAD/SQ-04/083/84 | Construction of Road Going to Lyangwa-Asare-Masanghat, Phungling-8, Taplejung | 17,25,244.70 | 43,500.00 | | 1,000 |
| 6 | IDO/TPJ/WORKS/ BUILDING/SQ-05/083/84 | Construction of Fence and Toilet at Pathibhara Campus, Phungling Taplejung | 17,34,599.81 | 43,500.00 | | 1,000 |

| Last Date for Purchasing of Bids | Last Date for Submission of Bids | Date for Opening of Bids | Employer's Bank Account for Purchasing of Bid Document | Employer's Bank Account to deposit Cash for the Bid Security |
|---|---|---|---|---|
| On or Before 2083/07/10 for S.N. 1 & 2083/06/22 for S.N. 2-6 from online or bank deposit. | On or Before 2083/07/11 for S.N. 1 & 2083/06/23 for S.N. 2-6 before 12 Noon. | 2083/07/11 for S.N. 1 & 2083/06/23 for S.N. 2-6 at 13:00 Hours. | Office Code: 3370101011 Bank: Nepal Bank Limited, Taplejung Account No: 27002000001001000001 Revenue Head No:14229 | Office Code: 3370101011 Bank: Nepal Bank Limited, Taplejung Account No: 06202000002003000001 |

2. Date of Pre-bid meeting: 2083/06/27 for S.N. 1.
3. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission. (i.e. For NCB 120 Days & For SQ 75 Days)
4. The employer reserves the right to accept or reject, wholly or partly any or all of the Procurement of Works without assigning any reason, whatsoever Other Procurement process remains as per rule of PPA and PPR.

**Office Chief**



## Buddhashanti Rural Municipality

### Office of The Rural Municipal Executive

Budhabare, Jhapa
Koshi Province, Nepal

**Invitation For Hardcopy Bid**

Date of First Publication: 2083-06-16

1. Buddhashanti Rural Municipality office invites hardcopy bid from Nepalese eligible bidders under National Competitive Bidding procedures as mentioned below.

**Details of the Bid :**

| S N. | Contract Id No. | Description of Project | Bidding Procedures | Cost of Bid Document | Pre Bid Meeting Date & Time | Bid Security Amount | Bid Security Validity Period up to | Estimated Cost |
|---|---|---|---|---|---|---|---|---|
| 1 | BRM/NCB/ WORKS/ 083/084-03 | Packaging work of Ashpalt Concrete road construction at Buddhashanti Rural Municipality ward no 1,2,3 | NCB (1S2E) | 5,000.00 | 29th Ashoj 2083 at 1:00 PM | 750,000.00 | 120 days | Single stage Two Envelope |
| | | | • Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs. 44 Million • Minimum Work experience of similar size and nature: 1 project and value of NRs. 12 Million | | | | | |
| 2 | BRM/NCB/ WORKS/ 083/084-04 | Upgrading of Different Existing Roads of Ward, No 4, 5, 6 & 7 | NCB (1S2E) | 5,000.00 | 29th Ashoj 2083 at 1:00 PM | 525,000.00 | 120 days | Single stage Two Envelope |
| | | | • Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs. 32.4 million. • Minimum Work experience of similar size and nature: One (1) Contract with a value of at least NRs 8.67 million | | | | | |

2. **Bid Schedule & Bank Account Details:**

| Last Date, Time of Bid Submission | Date & Time of Bid Opening | Bank Account Details | |
|---|---|---|---|
| | | For Purchase of Bid Document | For Bid Security |
| 12 pm on 16th Karthik 2083 | 1:00 pm on 16th Karthik 2083 | Name of the Bank: NIC Asia Bank Ltd. Account Name: GA1.1-ANTARIK RAJASWA KHATA-BUDDHASHANTI GAUPALIKA Office Account no.: 0852055499513007 Office Code no. : 80101327 Rajaswa (revenue) Shirshak no. : 14229 | Name of the Bank: NIC Asia Bank Ltd. Account Name: GA 3 - DHARAUTI KHATA-BUDDHASHANTI GAUPALIKA Office Account no.: 85CA499513524003 |

3. For detail notice bidder can access from www.buddhashantimun.gov.np
4. Bidder is open to all eligible bidders. The office reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Admninistrative Officer**